बिवाह, भोजभतेर,समारोह आदिमा ठुलो परिमाणमा मासु चाहिने क्याटरिङ्ग व्यवसायि तथा अन्य उपभोक्तालाई विशेष छुटको व्यवस्था

स्वस्थ, ताजा माछा तथा मासु चाहिएमा

भाउजु मिट मार्ट प्रा.लि.द्वारा संचालित
मिट माउण्ट

मासुका पारखीहरूले अब झिंगा भन्किएका र फोहर स्थानमा राखिएका माछामासु खानुपर्ने वाध्यताका दिन गए ।

खुल्ने समय
बिहान ७ बजेदेखी बेलुका ७ बजेसम्म

सम्पर्क तथा विक्री कक्ष :
पुरानो अन्नपुर्ण सिनेमा हल भएको छेउ, अन्नपुर्ण टोल, बिर्तामोड - ४
०२३-५४१४३६/९८२७९५३८७०/९८२७९५३८७१
९७४६८६२९३१/९७४६८६२९३३



राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY






विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१४ ।। अङ्क : ०८७ ॥ २०७९ वैशाख १६ गते शुक्रबार (29th Apr 2022 Friday) **Pratidin** National Daily dÑo-?÷%÷-


# बिर्तामोडमा एमालेको पुरानै प्रतिवद्धता

***बिर्तामोड ((प्रस)) ।*** नेकपा एमालेका तर्फबाट बिर्तामोड नगरपालिकामा उठेका उम्मेदवारहरुले पुरानै प्रतिवद्धता दोहोर्‍याएका छन् । गत निर्वाचनमा दुईतिहाई बहुमत पाएको एमालेले त्यस कार्यकालमा पूरा गर्न नसकेका कामलाई नै उल्लेख गरी चुनावी प्रतिवद्धतापत्र सार्वजनिक गरेको हो । २० पृष्ठको लामो सो प्रतिवद्धतापत्रमा गत निर्वाचनताका बोलेर पूरा गर्न नसकेका कुराहरुलाई नै समेटिएको छ । गत निर्वाचनमा एमालेका उम्मेदवारहरुले बिर्तामोडलाई स्मार्ट सिटी बनाउने , मुक्ति चौकमा आकाशे पुल निर्माण गर्ने , बिर्तामोडको विभिन्न स्थानमा सार्वजनिक शौचालय र स्नानगृह बनाउने , अदुवा खोलाको दुवै किनारमा हरियाली मार्ग निर्माण गर्नेजस्ता ७५ बुँदे प्रतिवद्धता जनाएका थिए ।तर, ती प्रतिवद्धता खासै पूरा भएनन् ।

फेरि पनि त्यही कुरालाई एमालेले यस निर्वाचनको प्रतिवद्धतापत्रमा समेटेको छ । विकासको मूल आधार यातायात र पूर्वाधार भन्ने शीर्षकमा नगरलाई स्मार्ट सिटीको रुपमा विकास गर्दै लाने दीर्घकालीन सोच अनुसार सडक, विद्युत, खानेपानी, ढल तथा नाला, सडक बत्ती, कर्मसियल भवन, पार्किङ, उद्यान तथा पार्क, बजार केन्द्र, सार्वजनिक शौचालय, फोहोर मैला ब्यवस्थापन, हरियाली तथा नगरको सौन्दर्यकरण जस्ता पूर्वाधारहरुको निर्माण गर्न गुरुयोजना तर्जुमा गरेर स्थानीय स्रोत साधनलाई प्राथमिकता दिई कार्य गरिने उललेख छ ।



कार्यक्रमहरु

बिर्तामोड नगरपालिकाका सबै वडाहरु छुने रिङरोड ५ वर्षभित्रमा निर्माण सम्पन्न गरी गुणस्तरीय यातायात सेवा सञ्चालन गर्न व्यवसायीहरुसँग समन्वय गरिनेछ । सबै पूर्वाधार निर्माणमा न्यूनतम निर्माणसंहिता तथा मापदण्ड पालना गरिने/गराइनेछ । नगरभित्रका सडकहरुलाई बर्गीकरण गरी ५ वर्षभित्रमा कम्तिमा १२५ कि.मी. सडक कालोपत्रे तथा पेभिङ्ग र बाँकीलाई उच्चस्तरीय ग्राभल गरिनेछ । जसअन्तर्गत बिर्तामोड बजार तथा ग्रामीण भेगका अधिकाँस टोलहरु जोड्ने छोटो बाटोमा पेवर्स तथा ब्लक बिच्छ्याउने काम गरी स्मार्ट सडक निर्माण गरिनेछ । नगरभित्रका सबै मुख्य सडकहरुमा नाला, ढल, पुल र कल्भर्ट बनाउने, ह्युमपाइप राख्ने, ढलहरु व्यवस्थापन गर्ने कार्य गरी १२ महिनै यातायात संचालनमा ल्याइनेछ । शहरी क्षेत्रमा फुटपाथ बनाइनेछ । बाँकी रहेका वडा कार्यालयहरुको निर्माण सम्पन्न गरिनेछ । नगरको मुख्यमुख्य सडकहरुमा सडकवत्तीको व्यवस्था गर्नुका साथै शान्ति सुरक्षालाई मध्यनगर राख्दै १ वर्षभित्रमा सीसी क्यामेरा जडान गरिनेछ । त्यस्तै अव्यस्थित तार, केवलको व्यवस्थापन गरिनेछ । सबै वडा कार्यालयहरु ५ वर्षभित्रमा बाँकी रेहेका स्थानहरुमा पक्की सडकले जोडिनेछ । सबै वडा तथा नगरपालिका कार्यालयमा बालबालिका, अशक्त र जेष्ठ नागरिकका लागि सेवासहितको प्रतिक्षालय १ वर्षभित्रमा निर्माण गरिनेछ । प्रतिवद्धतापत्रमा नगर गौरव योजनाको रुपमा नगर रिङरोड निर्माण, नगर विपन्न आवास निर्माण, शहिद नेत्रलगायत अन्य शहिदहरुको पार्क निर्माण, नगर बहुसांस्कृतिक केन्द्र निर्माण, डोमालाल राजवंशी रंगशाला स्तरोन्नति, मदनभण्डारी खेलकुदग्राम निर्माण, अदुवा खोला करिडोर निर्माण, विषादी तथा प्रदुषणरहित सुविधासम्पन्न कृषि बजार निर्माण,विषादीमुक्त तथा पूर्ण सरसफाइसहितको हरित नगर निर्माण, औद्योगिक कोरिडोर निर्माण गर्ने ,हात्ती प्रभावित क्षेत्रहरुमा पूर्ण फेन्सिङ गर्ने, विराटपोखरी धार्मिक पर्यटकीय क्षेत्र निर्माण ,प्राविधिक क्याम्पस स्थापना , गरामनी बजार, सैनिक बजार तथा चैतुबारी बजारको आधुनिकीरणजस्ता योजनालाई पूरा गर्ने एमालेले प्रतिवद्धता जनाएको छ ।

नगरपालिका निर्वाचन समितिका संयोजक हरिचरण शिवाकोटीको अध्यक्षतामा भएको कार्यक्रममा स्थायी कमिटी सदस्य तथा झापा जिल्ला इन्चार्ज अग्नि खरेल , निर्वाचन आयोग सदस्य पवित्रा निरौला खरेल , पूर्व पोलिटव्यूरो सदस्य नरेश खरेल ,प्रदेश कमिटी सदस्य एकराज कार्की , लेखा आयोग सदस्य जसमाया गजमेर, मेयरका उम्मेदवार पवित्रा महतारा प्रसाई , उपमेयरका उम्मेदवार नगेन्द्रप्रसाद संग्रौलालगायतले सामूहिक रुपमा सो प्रतिवद्धतापत्र सार्वजनिक गरेका थिए । नगर कमिटी अध्यक्ष सुवास भट्टराईले स्वागत मन्तव्य राखेको कार्यक्रममा प्रतिवद्धतापत्रको बिशेषताका बारेमा रोमणि भट्टराईले प्रकाश पारेका थिए । कार्यक्रमको संचालन गोपाल काफ्लेले गरेका थिए ।

## कचनकवलका एकजना उम्मेदवार निर्विरोध

***झापा ((प्रस)) ।*** झापा कचनकवलका एकजना उम्मेदवार निर्विरोध भएका छन् । कांग्रेसका तर्फबाट कचनकवल वडा नं ४ मा दलित महिला सदस्यको उम्मेदवारी दिएकी बिजली दास निर्विरोध भएकी हुन् । त्यस पदमा उनले मात्र उम्मेदवारी दिएकी थिइन् । शुक्रबार उम्मेदवारी फिर्ताको समय रहेकाले शुक्रबारै निर्विरोध हुनेको नाम सार्वजनिक गरिने जिल्ला निर्वाचन कार्यालयका प्रमुख तुलसी नेपालले बताए ।

## राप्रपा नेपालका उपाध्यक्ष पौडेलद्वारा पार्टी परित्याग



***झापा (प्रस) ।*** राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपालका उपाध्यक्ष उद्धव पौडेलले पार्टी परित्यागको घोषणा गरेका छन् । उनले अध्यक्ष कमल थापालाई राजीनामा पत्र पठाउँदै पार्टी परित्याग गरेका हुन् । राप्रपा अध्यक्षमा राजेन्द्र लिङ्देन निर्वाचित भएपछि पार्टी विभाजन भएको थियो । कमल थापाको अध्यक्षतामा राप्रपा, नेपाल गठन हुँदा पौडेल उपाध्यक्ष बनेका थिए ।

उनी राप्रपा नेपालको आर्थिक विभाग प्रमुख पनि थिए । राजीनामा पत्रमा उनले उपाध्यक्ष, आर्थिक विभाग प्रमुख र साधारण सदस्यसमेत नरहने गरी राजीनामा दिएका हुन् ।

राप्रपा, नेपालले राजतन्त्र पुनःस्थापनाको एजेन्डा छोडेपछि उपाध्यक्ष पौडेल असन्तुष्ट रहेको बताइएको छ । त्यस्तै, स्थानीय तह निर्वाचनमा एमालेसँग सहकार्य गर्ने अध्यक्ष थापाको सहमतिप्रति पनि उनी असहमत बताइएको छ ।

पौडेल यसअघि संघीय संसद्को निर्वाचनमा राप्रपा नेपालबाट समानुपातिक उम्मेदवार पनि थिए ।

## भद्रपुरमा नमुना मतदान सम्पन्न

***भद्रपुर ((प्रस)) ।*** स्थानीय तह निर्वाचनमा मतदान प्रक्रिया सहज बनाउन र अधिक सहभागिताका लागि निर्वाचन कार्यालय झापाले भद्रपुरमा नमुना मतदान कार्यक्रम सम्पन्न गरेको छ ।



सांकेतिक चुनाव चिन्ह राखेर स्थानीय तहका ७ वटा पदमा मतदान गर्न मेची क्याम्पसका विद्यार्थीलाई अवसर दिदै नमुना मतदान गरिएको हो ।

प्रमुख निर्वाचन अधिकृत गिरिराज गौतम मतदान केन्द्र प्रमुख र झापाका प्रमुख जिल्ला अधिकारी छविराज रिजाल सहायक मतदान अधिकृत भएर अन्य कार्यालयका प्रमुखहरू सहायक कर्मचारीका रूपमा भूमिका निर्वाह गर्दै वास्तविक निर्वाचनकै शैलीमा निर्वाचन गरिएको थियो ।

सो प्रक्रियामा विद्यार्थीहरू मतदाता, सुरक्षाकर्मी, सञ्चारकर्मी, विभिन्न कार्यालयका प्रमुखलगायतको बाक्लो उपस्थिति रहेको थियो ।

जिल्ला निर्वाचन अधिकारी तुलसीकुमार नेपालले सहजीकरण गर्दै निर्वाचनमा भाग लिने र पालना गर्नु पर्ने नियम जानकारी गराएका थिए भने सहभागीहरूले मतदान प्रक्रियामा सहयोग पुग्ने विश्वास व्यक्त गरेका थिए ।


**नेपाली कांग्रेस**
**हल्दिबारी गाउँपालिका कार्य समिति**
**हल्दिबारी, झापा**

**प्रेस विज्ञप्ती**

प्रस्तुत विषयमा म आम भोट माग्ने प्रकृयामा हल्दिबारी वडा नं. ४ को अधिकारी चोकमा वडा नं. ४ को नेपाली कांग्रेसको उम्मेदवारको रुपमा आफ्ना मतदाताहरु सँग मत माग्ने प्रकृयामा उपस्थित भएर नेपाल कम्युनिष्ट पार्टी एमाले का केन्द्रिय सदस्य दुर्गा प्रसार्यद्धारा प्रविधिको दुरुपयोग गरी मानसिक असन्तुलनताको उदाहरण दिँदै चरित्र हत्या गर्न खोजेको गतिविधि उपर धोर भर्तस्ना गर्दछु । वडा नं ४ बासी आम दाजुभाई दिदी बहिनी तथा आमा बुबा समक्ष म आफ्नै नेपाली कांग्रेसको उम्मेदवार रहेको जानकारी यसै विज्ञप्ती मार्फत जानकारी गराउँदै निज उपर कानुनी कार्वाहीको लागी सम्बन्धित निकाय समक्ष अनुरोध गर्ने व्यहोरा यसै विज्ञप्ती मार्फत गराउँदछु ।
जय नेपाल ।

होम प्रसाद चुडाल
वडा नं. ४ वडाध्यक्ष उम्मेदवार
तथा उपसभापति, नेपाली कांग्रेस (हल्दीबारी)





# दुई दिन बिदा दिने निर्णय सच्याउन माग




***झापा (प्रस) ।*** सरकारले दुई दिन सार्वजनिक बिदा दिनेगरी गरेको निर्णय मुलुकको अहितमा रहेकाले सो निर्णय सच्याउनुपर्ने माग प्रशासकले गरेका छन् ।

सरकारको यस्तो निर्णयले दूरदराजमा रहेका सर्वसाधारण सेवाग्राही झनै मर्कामा पर्न सक्ने विश्लेषण प्रशासकको छ । प्रशासनविद्ले दुई दिन बिदा गर्दा सेवा प्रवाह अत्यन्तै कमजोर भएर जाने र त्यसको असर संघीय शासन प्रणालीमा पर्न सक्ने टिप्पणी गरेका छन् । सरकारले आगामी जेठ १ देखि दुई दिन बिदा दिने निर्णय गरेपछि त्यसको सर्वत्र विरोध र आलोचना भएको छ । सरकारको यस्तो निर्णयले सेवा प्रवाहमा गम्भीर असर पर्न सक्ने भन्दै विरोध भएको हो । पूर्व मुख्यसचिव विमल कोइरालाले विना अध्ययन र विश्लेषण दुई दिन बिदा दिने गरी गरिएको निर्णयले परिणाम उल्टो आउन सक्ने बताए । कोइरालाले हचुवामा गरिएको यस्तो व्यवस्थाले परिणाम दिन नसक्ने र यो निर्णय प्रत्युत्पादक हुन सक्ने दाबी गरे ।

# खोटाङमा असिनापानीले बालीमा क्षति



***झापा (प्रस) ।*** खोटाङको ऐँसेलुखर्क गाउँपालिकामा असिनापानीले बालीमा क्षति पुऱ्याएको छ ।

बुधबार साँझ परेको असिनापानीले गाउँपालिकाका अधिकांश क्षेत्रमा बालीमा क्षति पुऱ्याएको हो । असिनाले मकैको पात कामै नलाग्ने गरी छिद्र बनाएको ऐँसेलुखर्क गाउँपालिका-६ ज्यामिरे नेपानेका सुरेश राईले बताए । उनका अनुसार बुधबार साँझ परेको असिनापानीले मकैमा र भर्खर फूल खेल्दै गरेका र फल लाग्दै गरेका फलफूलमा क्षति पुऱ्याएको छ ।

मकैसँगै लगाइएको आलु , फर्सी , सिमीलगायत तरकारीबालीमा पनि ठूलो क्षति पुऱ्याएको राईले बताए । ऐँसेलुखर्क गाउँपालिकासँगै रावाबेसी र केपिलासगढी गाउँपालिकाका माथिल्लो क्षेत्रमा पनि असिनाले मकै बाली र फलफूलमा क्षति पुऱ्याएको स्थानीयले बताएका छन् ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम

यही मिति २०७८ फागुन ५ गतेदेखि बिर्तामोड नगरपालिका क्षेत्रभित्र सञ्चालन भइरहेको गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रममा खटी आउनु हुने कर्मचारीहरूलाई तपाईंहरूको घर-आँगनमा आएको समयमा सत्यतथ्य विवरण प्रदान गरी सहयोग गरिदिनुहुन नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्तबजार, झापा

# प्रतिवद्धता व्यक्त गर्दै गठबन्धनका उम्मेद्वार



***सिस्ने (प्रस) ।*** गठबन्धन दलको अर्जुनधारा वडा नं. १ कार्यालय उद्घाटन गर्दै प्रमुख पदका प्रत्यासी रन्जिता कार्कीले विकाससँगै असल समाज निर्माणमा आफ्नो अहम् भूमिका हुने बताएकी छिन् । १४ गतेबाट वडा नं. १ हुँदै चुनाव प्रचारमा निस्किएकी उम्मेद्वार कार्कीले प्रजातान्त्रिक समाजवादभित्र समग्र नेपालीहरुको भावनालाई सम्बोधन गर्न अर्जुनधारा क्षेत्रमा गठबन्धन दर्बिलो रहेको बताइन् ।

उनले अगाडि भनिन्, 'जनताले यो पटक नयाँ मान्छे, नयाँ दलबाट हुने काम खोजिरहेका छन् । त्यसैले गठबन्धनमार्फत समावेशी अनुहार यहाँहरुसमक्ष आएको छ ।' सिस्नेमा आयोजित कार्यक्रममा उपप्रमुखका प्रत्यासी जितेन योञ्जनले काम गर्ने शैली र उज्यालो नगर बनाउने आधार आफूहरुसँग भएको हुँदा मतदाताहरुको अमूल्य मत रहने विश्वास व्यक्त गरे ।

# भद्रपुर ९ मा गठबन्धनले थाल्यो प्रचार अभियान

***भद्रपुर (प्रस) ।*** स्थानीय तह निर्वाचनमा शतप्रतिशत नतिजा हात पार्न भद्रपुर ९ स्थित वडा निर्वाचन परिचालन समितिले कार्यालय उद्घाटन गर्दै प्रचारप्रसार अभियान थालनी गरेको छ ।

नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीको संयुक्त गठबन्धनले कार्यालय उद्घाटन गर्दै चुनावी प्रचारप्रसार अभियान थालेको हो ।

नेपाली काँग्रेसका वडा सभापति चेतनाथ भट्टराईको सभापतितत्व तथा गठबन्धनका मेयरका उम्मेदवार गणेश पोखरेल र उपमेयरका प्रत्यासी शिवकुमार राजभण्डारीले संयुक्तरुपमा कार्यालय उद्घाटन गरेका थिए ।

कार्यक्रममा मेयरका प्रत्यासी पोखरेल, उपमेयरका प्रत्यासी राजभण्डारी, वडाध्यक्षका उम्मेदवार जंगबहादुर रसाईलीले प्रतिबद्धता मन्तव्य राख्दै आफ्नो कार्यकालमा स्वार्थरहित जनसेवामा खट्ने विश्वास दिलाएका थिए । उनीहरूले नगरको समृद्धिका लागि वडा तहदेखि नै विकृतिमुक्त प्रशासन निर्माण गरेर विगतका राजनीतिक बेइमानीलाई पूर्ण रूपमा अन्त्य गरेर नागरिकमैत्री नगर सरकार बनाउने प्रतिबद्धता जाहेर गरेका छन् ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

# बिर्तामोडबाट ब्राउनसुगरसहित दुई पक्राउ



***बिर्तामोड (प्रस) ।*** झापाको बिर्तामोडबाट प्रतिबन्धित लागूऔषध ब्राउनसुगरसहित दुईजना पक्राउ परेका छन् ।

बुधबार दिउँसो २.३० बजेको समयमा ईलाका प्रहरी कार्यालय अनारमनी र अस्थायी प्रहरी पोष्ट नयाँ बसपार्कबाट खटिएको प्रहरी टोलीले गोप्य सूचनाको आधारमा बिर्तामोड ३ घर भई वडा नं .४ सयपत्री मार्गस्थित श्यामसुन्दर प्रसाद राजवंशीको घरमा डेरा गरी बस्ने २६वर्षिय प्रमोद शाहलाई उनकै कोठामा खानतलासी गर्दा २ ग्राम ३०० मिलिग्राम ब्राउनसुगर,नगद रु.११,५४० , मोबाईल ७ थान फेला पारको थियो । उनलाई नियन्त्रणमा लिई ईप्रका.अनारमनीमा राखी थप अनुसन्धान भइरहेको जनाइएको छ ।

त्यस्तै बुधबार दिउँसो ४ बजे बिर्तामोड ४ स्थित न्यू होलिडे होटलभित्र ईप्रका.अनारमनी र अस्थायी प्रहरी पोष्ट नयाँ बसपार्कबाट खटिएको प्रहरी टोलीले गोप्य सूचनाको आधारमा मेचीनगर १ बस्ने ३९ वर्षिय ओम चौधरीलाई शंका लागेर शरीर खानतलासी गर्दा उनको साथबाट ९ ग्राम ब्राउनसुगर फेला पारेको थियो । उनलाई पनि नियन्त्रणमा लिई ईप्रका अनारमनीमा राखी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## देउराली बचत तथा ऋण सहकारी संस्था लि.
बिर्तामोड-१ , अतिथिसदन रोड

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

यस देउराली बचत तथा ऋण सहकारी संस्था .लि बिर्तामोड १ झापाको लागि निम्न पदहरुमा कर्मचारी आवश्यक परेको हुँदा इच्छुक नेपाली नागरिक ( महिला र पुरुष दुवै ) बाट दरखास्त आह्वान गरिन्छ ।

पद - निक्षेप संकलक ( फिल्ड कर्मचारी )
संख्या - ११ जना
क्षेत्र - बिर्तामोड न.पा र अर्जुनधारा न.पा . ४ देखि ११ वडा
सेवा सुविधा - संस्थाको नियम अनुसार
दरखास्त दिने अन्तिम मिति : ०७९/०१/२५ सम्म
परीक्षाको किसिम : अन्तर्वार्ता
अन्तर्वार्ता मिति : ०७९/०१/२६ गते
शैक्षिक योग्यता : एस .एल .सी. उत्तीर्ण वा सो सरह
आवश्यक कागजातहरु
नागरिकताको फोटोकपि , शैक्षिक पमाणपत्रको प्रतिलिपि , २ प्रति पासपोर्ट साईजको फोटो
फारम शुल्क : रु.२०० । -

सम्पर्क
०२३-५३४३०७ , ९८०६८२२६६३ (प्रकाशचन्द्र बराल )
९८१४०४६२४१ (कमला खतिवडा)

## जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र झापाले प्रदान गर्ने सेवाहरु सम्बन्धी

**सूचना सूचना सूचना**

(१) सबै प्रकारका रोगीहरू तथा रोगहरुको आयुर्वेद पद्धतिद्वारा निशुल्क दैनिक परीक्षण तथा उपचार सेवा ।
(२) २३ प्रकारका अत्यावश्यक आयुर्वेद औषधिहरू निशुल्क वितरण ।
(३) ल्याव सेवा ।
(४) पारालाइसिस, वाथ रोगीहरु तथा हात, खुट्टा , कम्मर दुख्ने रोगी तथा अन्य रोगीहरुको लागि पञ्चकर्म विधिद्वारा उपचार सेवा ।
(५) पिनास, माईग्रेन, मानसिक रोग तथा शिरो रोगीहरूको लागि नस्यकर्म तथा शिरोधारा सेवाद्वारा उपचार ।
(६) फिजियोथेरापी सेवा ।
(७) मलद्वारमा देखा पर्ने पाइल्स, फिस्टुला , फिसर लगायत अन्य रोगहरुको क्षारसुत्र विधिद्वारा उपचार सेवा ।
(८) अग्निकर्म विधिद्वारा विभिन्न दुखाई सम्बन्धी रोगहरुको उपचार सेवा ।
(९) जेष्ठ नागरिकहरुको लागि शक्तिबर्द्धक रसायन वितरण ।
(१०) स्तनपायी आमाहरुलाई दुग्धबर्द्धक आयुर्वेद औषधी निशुल्क वितरण ।
(११) स्वस्थ जीवन सम्बन्धी परामर्श एवम् योग सेवा

आदि विभिन्न प्रकारका सेवाहरु प्रदान गरिरहेकोले समयमै आफ्नो स्वास्थ्यको रक्षा गर्न जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रमा आएर आयुर्वेदद्वारा स्वास्थ सेवा लिई स्वास्थ्य लाभ लिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र , भद्रपुर , झापा

## भद्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भद्रपुर झापा, प्रदेश नं १

**हकदावी गर्ने सम्वन्धी सूचना**

प्रस्तुत विषय सम्बन्धमा भद्रपुर नगरपालिका वडा नं. ७ वस्ने प्रकाश कुमार बस्नेतको नाममा दर्ता कायम रहेको साविक चन्द्रगढी ६ हाल भद्रपुर ना.पा.वा.नं. ७ को कि.नं. ५४०० को जम्मा जग्गा ज.वि ० १ ० जग्गामा भवन निर्माण गर्ने काम सम्पन्न भईसकेपछि नक्सा पास गरी पाउँ भनी नक्सासहित निवेदन पेश भइ सँधियारको नाममा सुचना प्रकाशित गरी स्थलगत सरजमिन बुझ्न जाँदा गर्दा पश्चिमतर्फको संधियार श्री दिपक कार्की सरजमिन स्थलमा अनुपस्थित हुनु भएकोले पुनः दोस्रो पटक यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यस विषयमा तपाईको कुनै किसिमको दावी विरोध भए १५ दिन भित्रमा आफूलाई मर्का परेको विवरण खुलाइ यस भद्रपुर नगरकार्यपालिकाको भवन नक्सा शाखामा आई उजुरी दिनु होला म्याद भित्र दावी विरोध नभए कानून बमोजिम भई जाने व्यहोरा जानकारी गराईन्छ ।

## शुभ साइत बचत तथा ऋण सहकारी संस्था लि.
चन्द्रगढी , झापा

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

यस शुभ साइत बचत तथा ऋण सहकारी संस्था लि. को लागि केही कर्मचारी आवश्यकता परेकोले इच्छुक व्यक्तिले आफ्नो बायोडाटासहित तुरुन्त सम्पर्क राख्नु होला ।

बजार प्रतिनिधि : ५ जना ( महिला वा पुरुष)
योग्यता : S.L.C. वा सो सरह
निवेदन दिने अन्तिम मिति : २०७९/०१/१८ गतेसम्म
अन्तर्वार्ता मिति : २०७९/०१/ २० गते
निवेदन दस्तुर : रु.२००।-
तलब : आपसी समझदारीमा
सम्पर्क नं. : ०२३-४५५६३९ , ९८५१०१४६८७

'नागरिकको व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा, नेपाल सरकारको दर्ता शिविर मार्फत प्राथमिकता'

## व्यक्तिगत घटना दर्ता सप्ताह
२०७९ बैशाख १ देखि ७ गते सम्म


**व्यक्तिगत घटना दर्ता** — **सामाजिक सुरक्षा कार्यक्रम**




" स्थानीय वडामा संचालन हुने घटना दर्ता अभियानमा सहभागी भई सफल पारौं । "

दर्ता शिविर सचालन हुने स्थान : सम्बन्धित वडाको कार्यालय समय: बिहान: १० बजे देखी ५ बजे सम्म मिति : २०७९ बैशाख १ गते देखी बैशाख ७ गते सम्म

हरि ओम UPVC उद्योग



बिर्तामोड-१ (बाल्मिकी स्कुल पश्चिम) फोन: ०२३-५४२४६१
हाम्रा सेवाहरू: यु.पि.भि.सि. का विभिन्न डिजाईनका झ्याल ढोका पार्टेसन, रुफिङ्गका साथै आधुनिक आवास, विद्यालय, अस्पताल, होटलका भवनहरू निर्माण गरिन्छ।

नेपालमै पहिलो पटक बनेको ISO 2001/2015 मान्यता प्राप्त लिड केमिकल फ्रि भएको नेपालको एक नम्बर UPVC Nepatop
9842717153 / 9842696003

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

### बदर मत घटाऔं

गत स्थानीय निर्वाचनमा बिर्तामोड नगरपालिकामा राप्रपाको मात्र दुई हजार मत बदर भएको थियो । मतदाताको अमूल्य मत खेर गइरहँदा उम्मेदवारहरुले मत पाएर पनि जित्न सकिरहेका हुँदैनन् । अध्ययनमा बदर मतको संख्या २०४८ सालको संसदीय निर्वाचनदेखि बढ्दै आएको जनाउ छ। जुन तीन लाख २ हजार २३ देखि प्रदेशसभाको निर्वाचनसम्म १५ लाख ६८ हजार १ सय ९१ हुन गएको छ। बदर मतको संख्या मतदाताको बढ्दै गएको संख्याको अनुपातमा हेर्नु पर्छ। संसदीय निर्वाचन २०४८ मा बदर मतको प्रतिशत ४.४२ थियो भने २०५१ को मध्यावधि निर्वाचनमा घटेर ३.१६ प्रतिशत भएको थियो। २०५६ सालको आम निर्वाचनमा यो अझ तल २.७५ प्रतिशतसम्म झरेको थियो। तर २०५४ को स्थानीय निकायभित्र निर्वाचनमा भने पाँच प्रतिशतभन्दा कम थियो। लोकतन्त्रको पुनर्बहाली (२०४७) पछि यो चौथो स्थानीय निर्वाचन हो। आयोगले पक्कै विगतमा तीनैवटा निर्वाचन सम्पन्न गराएबापत पाठहरू सिकेको हुनुपर्छ। तर गत स्थानीय निर्वाचन २०७२ मै बदर मतको सन्दर्भमा भयावह अवस्था नै देखायो। नगरपालिका र विशेष रूपमा ठूलो सहरहरूमा मतपत्र बदर भएको संख्या गाउँपालिकाको तुलनामा बढी नै देखायो।

उम्मेदवारको अन्तिम नामावली प्रकाशनपछि छापिएको खण्डमा मतपत्र अपेक्षाकृत सानो हुन्छ। जसले मतदातालाई मत हाल्न सहयोग पुऱ्याउँछ। ठूलो मतपत्रमा उम्मेदवारको चिह्न खोज्नमा मतदातालाई बढी समय र मतदाता अलमलमा पर्छ।

बदर मतको संख्या कम गर्न मतदान केन्द्रमै मतदाता शिक्षकको रूपमा एक जना राखिदियौं भने बदर मत कम हुन्छ। मतपत्र हात पार्नु नै एक जनाले मतदातालाई के कति ठाउँमा छाप लगाउनु पर्ने, कसरी पट्याउनु पर्ने आदि कुरा सिकाइदियो भने मतदाता अलमलबाट जोगिन्छ। उम्मेदवारले वा आयोगले सबै मतदातालाई शिक्षा दिन सक्दैन। तसर्थ मतदान केन्द्रमा नै यो व्यवस्था भइदिएको खण्डमा उपयोगी हुनेछ। मतगणनाको समयमा गणक र उम्मेदवारको प्रतिनिधिबीच विशेष दूरी राख्नुपर्छ। एक किसिमको घेराजस्तो अवरोधको व्यवस्था गरेको खण्डमा मतगणना राम्रो हुन सक्छ। यी कुराहरू सहर्ष जे जे व्यवस्था गर्न बाँकी छ भने त्यतातिर आयोगको ध्यान जाओस्।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# लोकतन्त्रको जग स्थानीय तह



• सूर्यप्रसाद श्रेष्ठ

मुलुक स्थानीय तह निर्वाचनको सँघारमा छ । मतदानको दिन आउन १४ दिन मात्र बाँकी छ । उम्मेदवार मनोनयन प्रक्रियासमेत सकिएको छ । अझै निर्वाचनबारे आशङ्का गरिँदैछ । आवधिक निर्वाचन भनेको संवैधानिक बाध्यता हो । कुन दलको कुन नेताले व्यक्तिगत र दलगत स्वार्थ हेरेर निर्वाचनबारे आशङ्का उत्पन्न हुने कुरा गऱ्यो भन्ने विषयको अर्थ रहँदैन । जनताको निर्वाचनप्रतिको जागृति हेर्दा निर्वाचन अब कसैले रोकेर पनि रोकिने अवस्था छैन । राजनीतिक दलहरूसँगको परामर्शमा निर्वाचन आयोगले मिति तोकेको हो । निर्वाचन गर्ने विषय आयोगको जिम्मेवारीमा पुगेकाले तोकिएको समयमै निर्वाचन हुन्छ । अब दलहरूको भूमिका भनेको निर्वाचनमा सहभागिता जनाउने मात्र हो ।

संघीय स्वरूपअनुसार स्थानीय तहको भूमिका महत्वपूर्ण छ । हामीले त्यो भूमिका खुम्च्याउने प्रयत्न गर्नु हुन्न । संविधानले नै स्थानीय तहको आवधिक निर्वाचन समय, स्वरूप, काम, कर्तव्य र अधिकार तोकिदिएको छ । विकेन्द्रित स्वरूपअनुसार तल्लो तहको भूमिका गर्व गर्न लायक छ । जसलाई खल्बल्याउने काम माथिबाट गर्नु हुँदैन । केही स्थानीय तहले पछिल्लो पाँच वर्षमा प्रशंसायोग्य काम गरेका छन् । कोभिडको मारमा दुई वर्ष खेर फाल्नु नपरेको भए सायद स्थानीय तहले अरू देखिन लायक धेरै काम गर्न सक्थे होलान् । बजेट छुट्याउने क्रममा केन्द्रीय स्तरबाट परियोजना बनाउँदा वा छान्दा स्थानीय आवश्यकता र प्राथमिकता निर्धारण नगरिँदा समस्या पनि उत्पन्न भएका छन् । प्राथमिकता माथिबाट निर्धारण भएपछि तदनुकूलको विकास अवधारणाबारे स्थानीय जनप्रतिनिधिलाई जागरुक र कामप्रति जिम्मेवार बनाउन बेलाबेलामा सचेतनामूलक कार्यक्रम गर्न आवश्यक थियो । माथिबाट दबाबमा तहमाथि शासन गरियो । तहले केही कामै गर्न सकेनन् भनेर खुइल्याउने काम मात्र भयो । भए गरेका कामको जस दिन पनि उचित ठानिएन । केन्द्रीय नेतृत्व तहले मात्र नभई बुद्धिजीवी र सञ्चारमाध्यमले पनि स्थानीय तहको भूमिकाको हल्का मूल्याङ्कन गरेर अनावश्यक टिप्पणी गरे । हो, दलको संख्या धेरै भए पनि इतिहास बनाएका दल थोरै छन् । मुलुकमा भएका परिवर्तनमा निर्णायक भूमिका निर्वाह गरेका दलले जनभावनाको कदर गर्न सक्नुपर्थ्यो, सकेनन् । तैपनि ती दललाई खुइल्याउने काम गर्नु हुन्न । जसको त्याग, तपस्या र उत्सर्गले हामीले अधिकार उपयोग गर्न पाएका छौँ, ती दललाई खुइल्याउँदा लोकतन्त्रको जग बलियो बन्दैन । गठन भएको केही दिनमै टुक्रिने दलको टिप्पणीलाई नै आधार मानेर लोकतन्त्र र स्थानीय तह निर्वाचनबारे धारणा बनाउनु मुनासिव हुन्न । ठूला दलको ऐतिहासिक विकास क्रम छ ।

जतिसुकै आलोचना र टिप्पणी गरे पनि जनताको मन र मत बटुलेर आउने तिनै दल हुन् । ती दललाई किन र कसको इसारामा खुइल्याउने काम भएको छ ? सबै दल र तिनको नेतृत्व बदमास नै छन् भन्ने होइन । उनीहरूले नै लडेर ल्याएको स्वतन्त्रता हामीले उपभोग गरिरहेका छौँ । उनीहरूले नै स्थापित गरेको मानव अधिकार र राष्ट्रिय अस्तित्वलाई स्वीकार गरेर बसेका छौँ भने फेरि किन दललाई खुइल्याउने ? राष्ट्रिय चरित्रको यो गलत व्याख्यालाई अब हामीले परिवर्तन गर्नुपर्छ । राम्रोलाई राम्रो र नराम्रोलाई नराम्रो भन्ने संस्कृतिको विकास गर्न सक्नुपर्छ, मिडिया र बौद्धिक जगत्ले पनि । आलोचनाको संस्कृतिले तत्कालका लागि फाइदा भए पनि दीर्घकालीन रूपमा मुलुकको हित गर्दैन । यतिबेला स्थानीय तह निर्वाचन आचारसंहिता लागू भएको छ । आचारसंहिता भनेको राजनीतिक दलभित्रको सहमतिको बिन्दु हो । उनीहरूको उत्सर्ग, त्याग, तपस्या र योगदानको प्रतिफल पनि हो आचारसंहिता । त्यसलाई दलहरूले नै जति सम्मान गर्न सक्छन्, निर्वाचन सफल, स्वतन्त्र र निष्पक्ष गराउन त्यति नै मद्दत पुग्नेछ । निर्वाचन आयोग स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित निर्वाचन होस् भन्ने कामना राख्छ । दलहरू त्यसमा सहयोगी बन्नुपर्छ । आचारसंहिता उल्लंघनको बेफाइदा दललाई नै हुन्छ, आयोगलाई होइन । आचारसंहिता उल्लंघन गरेर आवधिक निर्वाचनको मर्यादामा चोट पुऱ्याउनु भनेको लोकतन्त्रमाथिको प्रहार हो । लोकतन्त्रबिनाको निर्वाचनले मुलुकलाई नै निरङ्कुशताको बाटोमा लैजान्छ । ठूला हुन् वा साना दल निर्वाचनलाई स्वार्थले हेर्नु हुँदैन । लोकतान्त्रिक प्रक्रियाको निरन्तरताका रूपमा निर्वाचनलाई हेर्नुपर्छ । लोकतान्त्रिक मर्यादाभित्र आफूलाई समर्पित गर्न सबै दल तयार हुनुपऱ्यो ।

संविधान सभाबाट निर्मित संविधानले निर्वाचन प्रणालीमा महत्वपूर्ण परिवर्तन ल्याएको हो । तीनै तहको महत्वलाई संविधानमा स्वीकार गरिएको छ तर निर्वाचन प्रणाली र पद्धतिलाई केन्द्रीकृत गरेका छौँ । ठूला दलबाट केन्द्रमा बसेर स्थानीय तह हल्लाउने काम भएको छ । बौद्धिक जगत्बाट पनि सतहको आकलन नगरी टिप्पणी हुने गरेका छन् । संविधानमा स्थानीय जनप्रतिनिधिको भूमिका केकस्तो छ , स्थानीय समस्या के हुन्, समस्याको समाधान कसरी गर्न सकिन्छ भन्ने विषयको निर्धारण आवश्यकताका आधारमा स्थानीय बासिन्दासँगकै बहस र छलफलबाटै तय गर्नुपर्छ । केन्द्रबाट निर्णय लाद्ने हो भने संघीय शासन पद्धतिको अर्थ रहन्न । संघीयताको साँच्चिकै असल अभ्यास गर्ने हो भने स्थानीय तह निर्वाचन उनीहरूले नै निर्धारण गर्ने गरी अधिकारको विकेन्द्रीकरण हुनुपर्छ । त्यस्तो अधिकार भएको भए सायद अहिलेजस्तो निर्वाचनबारे संशय गर्नुपर्ने अवस्था आउने थिएन । माथिको शोषणबाट स्थानीय तह क्षतविक्षत हुनु हुँदैन भन्ने मान्यताको विकास गर्नुपर्छ ।

७५३ स्थानीय तह नै माथिको आदेशमा चल्नुपर्ने अवस्था कायम रहेमा सही परिणाम आउँदैन । केन्द्रको राजनीतिक विभाजनको प्रभाव र असर स्थानीय तहमा पर्नु हुँदैन । अहिले त्यही भइरहेको छ । गाउँपालिका र नगरपालिकाको उम्मेदवार को हुने, को हुँदा ठीक भन्ने कुरा माथि बसेर निर्धारण गर्ने कुरा स्वाभाविक होइन, स्थानीय तहलाई संविधानले निर्धारण गरेको स्वरूपअनुसार चल्न दिनुपर्छ । समाजसँग नजिक रहेर काम गरिरहेको छ स्थानीय तहले । त्यहाँ पनि आपसी द्वन्द्व र मनमुटाव नभएका होइनन् । गाउँको परिस्थिति काठमाडौँमा बसेर सोचेजस्तो छैन । तैपनि जनप्रतिनिधिले संयमताका साथ काम गरेका छन् । उनीहरूको बोली, वचन र व्यवहारमाथिका ठूला र शीर्ष भनिएका नेताहरूको भन्दा स्तरीय छ । तहमा परिवर्तन छ, नभएको होइन । कहीँकतै काम नभएकै आधारमा सिङ्गो संघीय शासन प्रणालीमाथि प्रश्न उठाउनु वाञ्छनीय हुँदैन ।

यो शासन प्रणाली स्थापित गराउने वाहक विसं १९९७ मा प्राण आहुति गर्ने चार शहीददेखि, सात सालको जनक्रान्ति, ०४६, र २०६२/६३ को जनआन्दोलनको नेतृत्व गर्नेहरू हुन् । कसैले मैरै कारणले परिवर्तन भएको भनेर ठेकेदारी गर्नुको कुनै तुक छैन । हरेक परिवर्तनमा जनताको भूमिका महत्वपूर्ण छ, कुनै व्यक्तिविशेषले नेतृत्व गरेको होला । एक्लै जस लिने प्रवृत्तिकै कारण सङ्घीय बहुदलीय व्यवस्थाप्रति प्रश्न उठेको हो । नेतृत्वले पनि एकल रूपमा पार्टी हाँक्न खोज्ने शैलीमा परिवर्तन गरी सामूहिक भावनाको विकास गराउन सकेको भए सायद व्यवस्था आलोचित हुँदैनथ्यो । स्थानीय तह नेतृत्वमा भने सामूहिक भावनाको विकास भएकाले उनीहरूको भूमिका कुण्ठित गर्ने काम माथिबाट हुनु हुँदैन । केन्द्रीय नेतृत्वको कार्यशैलीमा प्रश्न उठिरहेका बेला स्थानीय तहलाई कमजोर बनाउने खेल भयो भने त्यसले राजनीतिमा विचलन आउँछ ।

यतिबेला निर्वाचन आचारसंहिता लागू भएको छ । आचारसंहिता लागू भएपछि नेतृत्वले निर्वाचन आयोगको संवैधानिक भूमिकाको ख्याल गरेर बोल्नुपर्छ । गठबन्धन गर्ने/नगर्ने भन्ने विषय दलहरूको हो, त्यो आयोगको सरोकारको विषय होइन । स्वायत्त रूपमा चल्नुपर्ने स्थानीय तहको निर्वाचन एकै चरणमा गराउनु कम चुनौतीपूर्ण काम होइन । यस्तो बेला आयोगको संवैधानिक प्रक्रियामा हस्तक्षेप हुने खालका कुनै पनि गतिविधि हुनु हुँदैन । निर्वाचन सँघारमै रहेका बेला कुनै दलविशेषलाई निर्वाचनमा भाग लिने वातावरण बनाउन वा कुनै दलको नाफा घाटालाई आधार बनाएर निर्वाचन आयोगको संवैधानिक बाध्यतामा खेल्ने काम कोही कसैबाट नहोस् भन्नेतर्फ हामी सबै सधैँ सचेत हुन जरुरी छ । केन्द्रीय राजनीतिको गलत शैलीको प्रभाव स्थानीय तहमा पुग्यो भने त्यसले लोकतन्त्रको जग मात्र भत्काउँदैन जनविद्रोह पनि निम्त्याउन सक्छ । नेतृत्वको स्वेच्छाचारी चरित्रका कारण प्रतिनिधि सभा दुई दुई पटक विघटन भयो । आज पनि सभालाई मृत्युतुल्य बनाइएको छ । यसको प्रभाव स्थानीय तहमा पर्नु हुँदैन ।

जनाधार नभएका केही दलले मुलुक आर्थिक सङ्कटमा परेकाले निर्वाचन गर्दा मुलुकलाई आर्थिक भार पर्छ भन्न पनि पछि परेनन् । माथिका केही नेताको गलत आर्थिक नीतिका कारण अर्थतन्त्र बिगार्ने अनि त्यसको मारमा स्थानीय बासिन्दाको अधिकार कुण्ठित गर्नु हुँदैन । अर्थतन्त्र जसले बिगारेको हो उसैले सुधार्नुपर्छ । त्यसको मार जनतामा पार्नु हुँदैन, स्थानीय तह निर्वाचनका लागि यसअघि नै बजेट विनियोजन भएकाले निर्वाचनमा बाधा अड्चन ल्याउन जरुरी छैन । स्थानीय तह नेतृत्वको अतित्वको सम्मान गरौँ । तहको भूमिका कुण्ठित गर्ने नभई अधिकार थप्न आवश्यक छ । तहका उम्मेदवार कसलाई बनाउने भन्ने अधिकार स्थानीयलाई नै दिनुपर्छ । गाउँपालिका अध्यक्षलाई समेत माथिबाट टिकट दिने प्रणाली बनाएर कार्यकर्तालाई मुठीमा राख्ने गलत शैलीका कारण व्यवस्थामाथि बेलाबेलामा प्रश्न उठ्ने गरेको छ । तह बलिया भए भने लोकतान्त्रिक शासन प्रणालीमाथि कसैले प्रश्न उठाउन सक्दैन । त्यसैगरी , केन्द्रीय घोषणपत्रका आधारमा स्थानीय तह चलाउने शैली पनि बदल्नैपर्छ । गाउँपालिका र नगरपालिकाका उम्मेदवार तय गर्ने पार्टी कमिटीले नै तह सञ्चालन घोषणपत्र बनाउनुपर्छ । यसो गर्न सकियो भने स्थानीय जनप्रतिनिधिलाई जनताप्रति बढी जिम्मेवार र उत्तरदायी बन्न कर लाग्छ ।

# रोजगारीका रणनीतिक योजना



• डा.चन्द्रमणि अधिकारी

स्थानीय तहको निर्वाचनको दिन नजिकिँदै छ । कतिपय राजनीतिक दलहरूले स्थानीय तहको निर्वाचनमा आफ्नो दललाई मत माग्ने प्रयोजनसहित घोषणापत्र जारी गरेका छन्, कसैका घोषणापत्र लामा छन् कुनै दलका छोटा, कतिपय दलले केन्द्रीय तहबाट घोषणापत्र जारी गरेका छैनन् । शब्द चयन र प्रयोगका दृष्टिबाट दलका घोषणापत्र पठनीय छन् । शिक्षा, स्वास्थ्य, रोजगारी सीप विकास, सामाजिक सुरक्षा, पूर्वाधार निर्माण, शासन सुशासन र पारदर्शिताका कुरा आएका छन् । सुविधा दिने र सेवा प्रवाहलाई बढोत्तरी गर्ने विषय पनि समेटिएका छन् । यति हुँदाहुँदै पनि ती विषय कसरी गर्ने भन्ने कुरा प्रस्ट ढङ्गले मार्गचित्रका साथ आएका छैनन् ।

रोजगारी वृद्धि गरिने प्रतिबद्धता गरेको देखिन्छ तर कसरी वृद्धि गर्ने, कुन-कुन क्षेत्रमा वृद्धिको सम्भावना छ, सीप, प्रविधि, श्रमशक्ति, वित्तीय पहुँच, भूमि, कच्चा पदार्थ, यातायातको सञ्जाल, परिवहनको सुविधा, बजार आदिको दृष्टिले कुन-कुन ठाउँ र क्षेत्रमा आउँदा वर्षमा कति संख्यामा रोजगारी सिर्जना गर्ने, त्यसमा सार्वजनिक, निजी तथा सामुदायिक क्षेत्रले कस्तो भूमिका खेल्न सक्छ भन्ने जस्ता विषय खुल्न सकेका छैनन् । अहिले देशमा विदेशी मुद्राको सञ्चिति घटेको छ । व्यापार घाटा बढेको छ । विदेशी मुद्रा प्राप्त गर्ने स्रोत साँघुरिएका छन् । पैठारी गर्ने वस्तु तथा सेवाको सूची बढेर गएको छ, तिनलाई प्रतिस्थापन गर्ने वस्तु उत्पादन गर्ने कार्यक्रम प्रभावकारी ढङ्गले कार्यान्वयनमा लैजाने काम हुन सकेको छैन । निकासीको सूची, आकार र आयतन सबै खुम्चिएका छन् । श्रम बजारमा आउने युवालाई आफ्नै गाउँठाउँमा काम, गोजीमा दाम, भान्सामा पुग्दा माम उपलब्ध हुने कार्यक्रम कसरी ल्याउने, तिनको कार्यान्वयन कसरी गर्ने र त्यसबाट उत्पादन बढाई युवाको हातमा दाम कसरी पुऱ्याउने र आयातलाई कसरी कम गर्दै लैजाने भन्ने स्थानीय तहसँग प्रत्यक्ष सरोकार राख्ने विषय तथा क्षेत्रमा ठोस कार्यक्रम घोषणा हुन सकेको देखिएन । यी सबै कुरा केन्द्रले भनेर हुने पनि होइन । कुन ठाउँमा के कुरा उत्पादन हुन्छ, कस्ता व्यवसायको सम्भावना छ, भौतिक संरचना र बजार कस्तो छ भन्ने स्थानीय विशेषका कुरा स्थानीय नेतृत्वले अनुमान लगाउनु उपयुक्त हुन्छ ।

स्थानीय विशेषताअनुसार त्यही तहमा आफ्नो विशेष घोषणापत्र ल्याउनु अझ बढी उपयोगी हुन्छ । जसलाई आधार बनाएर आफ्नो गाउँठाउँको विशिष्टता र सम्भावनाअनुकूलका कार्यक्रम ल्याएर रोजगारी बढाउन सकियोस । यसरी स्थानीय तहमा त्यस्ता कार्यक्रम ल्याउन सके युवा गाउँमा बस्छन् । युवालाई गाउँठाउँमा राख्न मूलतः शिक्षा, व्यवसाय र रोजगारीको चयन र छनोटको अवसर, छनोटअनुसारको काम, अत्याधुनिक विद्युतीय सेवासुविधा, मनोरञ्जन र मित्रता वा साथीभाइसमेतका चार प्रमुख विषयको आवश्यकता पर्ने रहेछ । युवालाई शिक्षा, सीप र प्रविधि प्राप्त गर्ने विषयमा छनोट र अभिवृद्धिको अवसर, त्यसका आधारमा व्यवसाय तथा रोजगारी छनोट, अनि शिक्षा, स्वास्थ्य, व्यवसाय, रोजगारी तथा दैनिकीमैत्री विद्युतीय सामग्री एवं सूचनाप्रविधिको उपलब्धता अनि समय, उमेर र रुचिअनुसारको मनोरञ्जनका सुविधाको प्रबन्धसहितको वातावरण मिलाउन सकेमा ऊर्जामूलक श्रमशक्तिलाई गाउँठाउँमा अड्याउन सकिन्छ । यसलाई सरलीकृत गर्ने हो भने अङ्ग्रेजी अक्षरको चार ई (इन्हान्समेन्ट वा जीवनको अभिवृद्धि, इम्प्लवायमेन्ट वा रोजगारी, इलेक्ट्रोनिक वा डिजिटल जीवन, इन्टरटेनमेन्ट वा मनोरञ्जन र साथीभाइको साथ)को आवश्यकता पर्दोरहेछ । यी कुरालाई केन्द्रबिन्दुमा राखेर कार्यक्रम अगाडि बढाउन सकेमा उत्पादन बढ्छ, थप स्रोत परिचालन हुन्छ, आयात प्रतिस्थापन हुन थाल्छ । यसले गाउँको कायापलट हुन्छ, त्यसको समष्टिगत नतिजा राष्ट्रिय अर्थतन्त्रमा देखिन्छ, आर्थिक वृद्धिको दर बढ्छ, वैदेशिक मुद्रामाथिको चाप कम हुन थाल्छ र बजारमा वित्तीय स्रोतको प्रसार बढ्छ । यो लक्ष्य हासिल गर्न अर्थतन्त्रका साझेदार मानिएका निजी, सार्वजनिक, सामुदायिक तथा सहकारी क्षेत्रले आउँदो पाँच वर्षमा कुन-कुन क्षेत्रमा के-कति रोजगारी सिर्जना गर्न सक्छन् र त्यसका लागि राज्यका तीन तहले, के कस्तो नीतिगत प्रबन्ध, के कस्तो वित्तीय सहयोग तथा के कस्तो पूर्वाधार एवं प्रविधिको व्यवस्था गरिदिनुपर्छ भन्ने कुरा तत्तत् क्षेत्रबाटै प्रतिबद्धता लिएर काम गर्नुपर्छ । यसका लागि रोजगारीसम्बन्धी नीति, कार्यक्रम र बजेट बनाई अघि बढ्न सकिन्छ ।

यसो गर्दा पालिकालाई मध्यम आय भएको समृद्ध तहमा रूपान्तरण गरी उच्च आय हुने पालिकाका रूपमा विकास गर्ने, स्रोतको पहिचान, प्रवर्द्धन, संरक्षण, विकास, विवेकपूर्ण परिचालन तथा वितरण र दिगो ढङ्गले उपयोग गर्ने, लगानीमैत्री तथा गुणस्तरीय पूर्वाधारको विकास, प्रवर्द्धन र संवर्द्धन गर्ने र उत्पादन तथा उत्पादकत्व दुवैमा वृद्धि ल्याउनेसमेतका नीति तथा कार्यक्रम ल्याइनुपर्छ । यस्ता योजना तथा कार्यक्रम बनाउँदा योजना निर्माणका प्रमुख मार्गदर्शक सिद्धान्त अनुशरण गरिनुपर्छ । यी कार्यक्रमले तेर्सो रूपमा सार्वजनिक (सरकार), निजी तथा सहकारी एवं सामुदायिक क्षेत्रको संयुक्त प्रयास र ठाडो रूपमा तीनवटै तहका सरकारबीच सहकार्य गरेर अघि बढ्ने गरी षट्कोणीय संरचनाभित्र बसेर अघि बढ्ने रणनीतिलाई पछ्याएको हुनुपर्छ । यस्ता नीति तथा कार्यक्रम तयार गर्दा उत्पादनपूर्वको अध्ययन र अनुसन्धानदेखि उत्पादन, भण्डारण, संरक्षण, ढुवानी र परिवहन, ग्रेडिङ वा वर्गीकरण, सुरक्षित प्याकेजिङ र हेन्डलिङ, बजार, मूल्य, लागत जोडसमेतको न्यूनतम प्रतिफलको प्रत्याभूतिसहित प्रयोगकर्ता वा उपभोक्तालाई हस्तान्तरणसम्मका मूल्य शृङ्खलाका पक्षलाई नबिर्सी अनुपातिक भारका आधारमा एकीकृत कार्यक्रम, क्रियाकलाप तथा बजेट व्यवस्थाको आवश्यकता पर्छ, जसको आधारका रूपमा उत्पादन तथा रोजगारी सिर्जनाका क्षेत्र तथा उपक्षेत्र पहिचान गरी सम्बन्धित क्षेत्रबाट, प्रतिबद्धता र आवश्यकतासहितका रोजगारका क्षेत्रगत रणनीतिक कार्यक्रमसहितको सम्भावित आँकडाको माग गर्नुपर्छ । यस्तो माग देशका सबै वडा तहमा गर्न सकिन्छ ।

यसो गर्दा क्षेत्रलाई कृषि वन, पशु, मत्स्यअन्तर्गत उत्पादन, प्रशोधन, परिवहन, बजारीकरणसमेत र सेवालाई मोटर, मोटरसाइकल मोबाइल जस्ता कुराको मर्मत, खाजा, वित्त, खुद्रा व्यापार, सिलाइकटाइ, आईटी, सैलुन, शृङ्गार आदि उपक्षेत्रमा बाँडेर तथ्याङ्क लिन सकिन्छ । देशभरि छ हजार ७४३ वडा छन्, औसतमा वर्षभरिमा एउटा वडामा पहिलो वर्षमा ३७ जनाका दरले पूर्ण र आंशिक प्रकृतिका रोजगारी सिर्जना गर्न सकेमा दुई लाख ५० हजार रोजगारी सिर्जना हुन सक्छ । पाँच वर्षमा यो सङ्ख्या १२ लाख ५० हजार पुग्न सक्छ । अनुभव तथा क्षेत्रगत विस्तारको आधारमा पछिल्ला वर्षमा यो संख्यामा अझ वृद्धि हुन सक्छ । यो सामान्य विवेक प्रयोग गरेर तयार गरिएको एउटा उदाहरण मात्र हो । यथार्थमा हरेक स्थानीय तहले यस मोडेलमा काम गर्दा फरक चित्र आउन सक्छ, तर त्यो चित्र ठूलै हुन्छ । महानगरका वडामा यसभन्दा धेरै बढी रोजगारी सिर्जना गर्न सक्लान्, दुर्गम स्थानमा रहेका पालिकाले प्रतिवडा पाँच जनाले मात्र काम पाउलान् तर यस्तो अभ्यासको थालनी अब निर्वाचित स्थानीय तहका प्रतिनिधिले थालनी गर्ने र प्रदेश तथा सङ्घले यसमा साथ दिनुपर्छ । यस्तो आँकडा निजी र सामुदायिक क्षेत्रबाट माग गरिने हुँदा भावी दिनमा तिनको अग्रसरता, हैसियत तथा क्षमता पनि अनुमान गर्न सकिन्छ । यस्तो संरचनाको निर्माण तथा माग गर्दा स्रोतको दिगो, भरपर्दो र प्रभावकारी ढङ्गले संरक्षण, प्रवर्द्धन र प्रयोग गर्ने, गाउँवासीलाई दीर्घजीवी, स्वस्थ, शिक्षित, उद्यमशील तथा चेतशील बनाउनेछ । यसो गर्दा सामाजिक सेवाका क्षेत्रलाई सहज, सुलभ तथा सबैको पहुँचयोग्य र प्रभावकारी बनाउनुका साथै लगानी प्रवर्द्धनको माध्यमबाट उत्पादन अभिवृद्धि गर्ने विशेष रणनीति अवलम्बन गर्नु उपयुक्त हुन्छ । प्रक्षेपण स्थानीय श्रमशक्तिको अवस्था, क्षमता र चासो, पालिकाले तयार गर्ने विकास कार्यक्रम तथा क्षेत्रगत बजेट, त्यसबाट निर्माण हुने आयोजना र तिनको सम्बद्ध उपक्षेत्रबाट सिर्जना हुन सक्ने काम एवं त्यसको चरित्रसमेतलाई ख्याल गरी क्षमता वृद्धि तथा सीप विकासको विषयसँग जोडेर गर्नु उपयुक्त हुन्छ । जसले युवालाई उद्यम र व्यवसाय सञ्चालनमा प्रोत्साहन एवं आकर्षण गर्ने र उपयुक्त पेसा व्यवसाय गरी आफ्नो वा छिमेकको पालिकाभित्रै बस्ने वातावरण निर्माण गर्न सकोस् ।

# गौरीगञ्जबासीको भाग्य र भविष्यको फैसला गर्ने अवसर आएको छ - अध्यक्ष प्रत्यासी फूलवती राजवंशी



बैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा नेपाली कांग्रेसका तर्फबाट झापाका १५ पालिकामध्ये गौरीगञ्ज गाउँपालिकामा अध्यक्ष पदकी प्रत्यासी हुन् कांग्रेस नेतृ फूलवती राजवंशी ।

२०७४ को स्थानीय चुनावमा समेत सो पदमा उपविजेता बनेकी उनी अहिले दोस्रो पटक गाउँपालिका अध्यक्षको प्रत्यासीका रुपमा उभिएकी हुन् । कांग्रेसले झापा जिल्लाका स्थानीय तहको पालिका प्रमुखमा बनाएको दुई महिला उम्मेदवारमध्ये उनी एक हुन् ।

कांग्रेस झापा क्षेत्र नं ५ बाट महाधिवेशन प्रतिनिधि हुँदै १४ औं महाधिवेशनबाट प्रदेश नं १ को कार्यसमिति सदस्यमा समेत निर्वाचित भएकी उनलाई झापामै लोकप्रिय आदिवासी जनजाति महिला नेतृका रुपमा पार्टीले लिँदै आएको छ । कांग्रेसले जिल्लाका अन्य पालिकाहरुमा जस्तै गठबन्धनबाट उम्मेदवारहरु तय गर्ने प्रयत्न गरेपनि गौरीगञ्ज गाउँसमिति कांग्रेसको स्थानीय आवश्यकता र परिस्थितिको सुक्ष्म विश्लेषणका आधारमा अन्य कुनै दलसंग गठबन्धन नगरी एक्लै चुनावी मैदानमा उत्रिएको हो । त्यसको नेतृत्व गरेकी छिन् फूलवतीले । प्रस्तुत छ अध्यक्षकी प्रत्यासी राजवंशीसंग चुनाव केन्द्रीत कुराकानीको सारसंक्षेप-

**-गौरीगञ्जमा कांग्रेस कुन आधारमा एक्लै चुनाव लड्दैछ ?**

कांग्रेस एक्लो छैन । सबै गौरीगञ्ज गाउँपालिकाबासीहरु कांग्रेसको साथमा हुनुहुन्छ । दलगत रुपमा हेर्ने हो भने चाहिँ एक्लै नै चुनाव लडेको हो तर कांग्रेस नै एक्लो चाहिँ होइन । कांग्रेस जनताको पार्टी हो । कांग्रेसलाई गौरीगञ्जमा आम गौरीगञ्जबासी आमबुबा, दाजुभाइ दिदीबहिनीहरुको साथ छ । गौरीगञ्जमा कांग्रेसको बेग्लै पहिचान र गर्व गर्न लायक इतिहास छ । हामीले पार्टीको यसपटकको चुनावी रणनीति अनुसार थोरबहुत अन्य दलहरुसंग संवाद नगरेको पनि होइन तर, अस्तित्व नै मेटाएर , इतिहास नै मार्ने अप्रिय निर्णय हामीले लिन सकेनौं । आम कार्यकर्ताहरुको भावना पनि त्यही रहयो र कांग्रेसले सिंगल उम्मेदवारी दिएको हो । तर यहाँ कांग्रेस एक्लै चुनाव लड्दै छैन । आम गौरीगञ्जबासी कांग्रेसको पक्षमा चुनाव लड्दैछन् ।

**-गाउँपालिकामा नेपाली कांग्रेसको अवस्था कस्तो छ ?**

नेपाली कांग्रेसको अवस्था अन्य पार्टीको तुलनामा राम्रो छ । त्यसो भन्दैमा हामीले घरमै बसेर चुनाव जित्न सकिन्छ भन्न खोजेको होइन । हामी उम्मेदवारहरु संगसंगै कार्यकर्ताहरु टोल टोलमा जानु हुँदैछ । तुलनात्मक रुपमा पहिलेका अरु चुनावमा जस्तो यसपटक सबै मतदाताका घरघरमा पुग्न सकिने गरीको पर्याप्त समय हामीसंग छैन । निर्वाचन आयोगको तयारी नै तीव्र गतिमा छ भने हामी पार्टीहरुले त झनै स्पिडमा दौडिनुपर्ने अवस्था छ । सकेसम्म हामी मतदातासम्म पुग्ने प्रयास गर्नेछौं । हामी आफैं सबै मतदाताको घरघरमा पुग्न नसकेपनि हाम्रो पार्टी संगठन छ , नेता कार्यकर्ताहरु हुनुहुन्छ । उहाँहरुमार्फत हामी मतदाताको घरघरमा हाम्रा कुराहरु लिएर जाँदैछौं । गौरीगञ्ज गाउँपालिकाको अहिलेको जुन संरचना छ ,यो पनि भौगोलिक रुपमा केही बिकट क्षेत्रहरु पनि यहाँ पर्छन् ।

**-तपाईले चुनाव जित्ने आधार के देख्नु भएको छ ?**

पहिलो कुरा त हाम्रो पार्टीको महत्वपूर्ण भूमिकाबाट नै यो गौरीगञ्ज गाउँपालिका बन्न सम्भव भएको हो । यहाँ अहिले उम्मेदवारका रुपमा रहेका भनौं वा अस्तित्वमा रहेका पार्टीहरु यो गौरीगञ्ज गाउँपालिकाको पक्षमा नै थिएनन् । गौरीगञ्ज क्षेत्रको इतिहासलाई नै मेटाउने उनीहरुको प्रयास थियो । कसैले यो भूगोललाई गौरादहसंग गाभ्न खोजेका थिए त कसैले शिवसताक्षीमा पनि गाभेर गौरीगञ्जको इतिहास नै मेटाउन लागेका थिए । त्यो कुराको स्मरण मात्रै गराएकी हुँ । हाम्रै पहलमा यो गौरीगञ्ज गाउँपालिका सुनिश्चित भएको हो भन्दा अन्यथा हुँदैन । अहिले हाम्रो पालिका छुट्टै अस्तित्व र पहिचानसंग जोडिएको पालिकाको रुपमा पनि छ । यसमा हाम्रो भूमिका भनौं या योगदानलाई गाउँपालिकाबासीले बिर्सिन सक्नु हुन्न ।अर्को कुरा यो पालिका विविधताले भरिएको पालिका हो । यहाँ आदिवासी, सिमान्तकृत, पिछडिएको वर्गका मानिसहरुको बसोबास सघन रुपमा छ । ती सबैलाई जोड्ने र समेट्ने पार्टी कांग्रेस नै हो । त्यो कुरा बुझेर नै मतदाताहरुले हामीलाई पनि ठुलो साथ सहयोग गर्नुभयो र नै हामीले यसअघिको निर्वाचनमा बहुमत स्थानमा जित हासिल गर्न सकेको इतिहास छ । अध्यक्ष पदमा मैंले पराजय भोग्नु परेको तितो यथार्थ हो । त्यो हारजितको मतान्तर न्यून थियो । अहिले त्यो तथ्याङकमा परिवर्तन भइसकेको छ ।

तेस्रो कुरा म आफैं पनि यो पालिकाबासीका हरेक दुखसुखमा संगै छु । महिला सशक्तिकरणमा रहेर यहाँका उत्पीडित जाति, समुदाय, हिंसामा परेका आमा, दिदीबहिनीहरुको पक्षमा काम गरेकी छु ।

चौथो कुरा विगतमा यो पालिकामा हाम्रो नेतृत्व नहुँदा जनताले भोग्नुपरेको समस्याले पनि अब यो पालिकाको प्रमुख पदमा नै महिलालाई अघि सारेको अवस्थामा सुशासनको अनुभूति गर्न पाइन्छ भन्ने आम गाउँबासीहरुले बुझ्नु भएको छ । यहाँका जल्दाबल्दा समस्याहरु महिलालाई आयआर्जनमा जोडने बिषयहरु पनि छन् । हरेक मामिलामा महिलालाई सहज रुपमा सेवा प्रवाह गर्ने बिषय पनि छ । विकासमा महिलाको सहभागिता र संविधानले दिएका मौलिकहरुको कार्यान्वयन गर्ने गराउने कुराहरु पनि छन् । भौगोलिक, समुदायगत र अन्य विविध कोणबाट पनि न्यायोचित र समान व्यवहारको पनि अपेक्षा गाउँबासीहरुले गर्नुभएको छ यिनै उहाँहरुले मत जाहेर गर्ने आधार हुन् ।

**तपाईको उम्मेदवारी दोस्रो पटक आएको छ यसलाई कसरी लिनु भएको छ ?**

हो, मलाई गौरीगञ्ज गाउँपालिकामा हाम्रो पार्टीले पहिला पनि एक पटक पालिका अध्यक्षको उम्मेदवार बनाएको थियो । मैंले सबै वडाहरुमा प्राप्त गरेको मत संख्याले हेर्दा म सन्तोषजनक छु । दुखद भन्नुपर्छ मतगणनाको अन्तिम समयमा अन्तिम मत परिणाम मेरो पक्षमा आउन सकेन ।

पार्टीको सबै तहमा यसका बिषयमा छलफल र समीक्षा भएको छ कि पार्टीभित्रको अन्तर्घातका कारण मैंले झिनो मतान्तरले बाहिरिनु पर्यो । मेरो त्यस बेलादेखिको प्रयत्न र चुनावी परिणामपछिको पनि निरन्तरको सक्रियतालाई आधार मानेर नै पार्टीले मलाई पुनः एकपटक अवसर दिएको छ । पहिलेको चुनावमा भएको अन्तर्घातको आधार र कारण पनि प्रष्ट भइसकेपछि त्यस्ता तत्वहरुको पहिचान गर्ने काम भएको छ । आज त्यस किसिमका नेता, कार्यकर्ता आफैं पार्टीबाट पलायन भएर गएका छन् र पार्टी भर्खरैको महाधिवेशनबाट नयाँ ऊर्जा, जोश जाँगरका साथ सशक्त रुपमा लागेको छ । सबैको सकारात्मक साथ सहयोग पाएकी छु मैंले यसलाई मेरो व्यक्तिगत भन्दा पनि समग्र गौरीगञ्जबासीको भाग्य र भविष्यको फैसला गर्ने अवसरका रुपमा लिएकी छु । म त्यस कुरामा इमान्दारितापूर्वक लाग्ने संकल्प गर्दछु ।

**-अध्यक्षको उम्मेदवारीका विषयमा असन्तुष्टि पनि देखिएको छ नि ?**

चुनावमा यस्तो हुन्छ । हाम्रो पार्टीमा मात्रै होइन भर्खरै खुलेका र केही सीमित कार्यकर्ताका लागि खोलिएका पार्टीमा पनि त्यस्तो अवस्था छ भने हाम्रो यो बृहत पार्टीभित्र धेरै उम्मेदवारहरुको नामावली आउँछ । तिनै उम्मेदवारहरुबीच सहमतिमा पुग्ने प्रयास भएको बिषयलाई केही मान्छेहरुले आफू अनुकुल व्याख्या विश्लेषण गरेका होलान् । यसलाई मैले सकारात्मक रुपमा लिएकी छु । असन्तुष्ट साथीहरु पार्टीको संस्थागत निर्णय मानेर चुनाव केन्द्रीत भइसक्नु भएको छ ।

**तपाई निर्वाचित भएमा गौरीगञ्ज गाउँपालिकाभित्र के के गर्ने योजना बनाउनुभएको छ ?**

मेरो पहिलो प्राथमिकता भनेको नागरिकहरुको मौलिक हकको ग्यारेन्टी गर्ने हो । जुन संविधानप्रदत्त नागरिकको अधिकार पनि हो । गरिबी, बेरोजगारी समस्याको अन्त्य गर्ने मेरो संकल्प हुनेछ । यस क्षेत्रमा रहेका नागरिकहरुको जीवनस्तर उकास्न सीपमुलक र स्वरोजगारमुलक कार्यक्रमहरु ल्याइनेछ ।

यस क्षेत्रमा रहेका सडकहरुको स्तरोन्नोति गरी स्तरीय ग्राभेल गर्नुको साथै हरेक बर्ष एक वडा एक कालोपत्रे सडक निर्माण गरिनेछ । खजुरगाछीमा रहेको आठमौजा छोटी भन्सार कार्यालयको स्तरोन्नति गरी यहाँको व्यावसायिक तथा आर्थिक विकासका लागि पहल गर्नेछु ।

गौरीगञ्ज गाउँपालिकाको ६ वटै वडाका मुख्य बजारहरुको भौतिक पूर्वाधार विकाससँगै एक बर्षभित्रै सबै बाटोहरु स्तरीय ग्राभेल गरिनेछ । स्वास्थ्य, खानेपानीको व्यवस्था, पुल कल्भर्टको निर्माण र मर्मतका लागि माथिल्लो तहका सरकारहरुसंग समन्वय गरेर पर्याप्त बजेटको व्यवस्था मिलाउन पहल गर्नेछु । चेतना अभिवृद्धिका कार्यक्रमहरुलाई अघि सार्दै यहाँको पर्यावरण सुरक्षा गरिनेछ । युवाको लागि खेल मैदान, खजुरगाछी बजारस्थित त्रिभुवन आदर्श पुस्तकालयलाई व्यवस्थित गरी सञ्चालन गर्ने, सुरक्षा व्यवस्थालाई सुदृढ बनाउन आवश्यक समन्वयकारी भूमिका निर्वाह गर्नेछु । महिला तथा बालबालिकामैत्री गाउँपालिकाको रुपमा विकास गर्ने मेरो अठोट छ ।

मठ मन्दिर, महाराजथान, मस्जिदलगायतको संरक्षण र संवर्द्धन गर्ने छु । यसलाई विशेष गुरुयोजना तयार गरी पर्यटकीयस्थलको रुपमा विकास गर्ने छु । स्कुल, क्याम्पस, मठ मन्दिर, अस्पताल, पुस्तकालय, खेलमैदान, अतिथि सदन, खानेपानीलगायतका सार्वजनिक हितका लागि जग्गा दिने जग्गादाताहरुको अभिलेख राखी विशेष सम्मान गर्ने व्यवस्था मिलाउने छु । गौरीगञ्ज गाउँपालिकाको ६ वटै वडालाई छुने गरी मिनी रिङरोड निर्माणको योजना ल्याइनेछ । जसले आम पालिकाबासीलाई जोड्न सहज हुनेछ ।

## निर्वाचनको मुखमा प्रसाईको उटपट्याङ

हल्दिबारी , बैशाख १५ । स्थानीय तहको निर्वाचनको मुखमा नेकपा एमालेका केन्द्रीय सदस्य दुर्गा प्रसाईले उटपट्याङ गर्न थालेका छन् । उनले नेपाली कांग्रेसको चुनावी सम्पर्क कार्यालयमा पुगेर एमालेको लागि भोट माग्न थालेका छन् । कांग्रेसका उम्मेदवारहरुलाई विवादमा ल्याउन र समर्थकहरुलाई निरुत्साहित गर्न उनले त्यस्तो हर्कत गर्न थालेको कांग्रेस कार्यकर्ताहरुको ठम्याइ छ । उनले हल्दिबारी र बिर्तामोडमा त्यस्तो गरेका हुन् । नेपाली कांग्रेस हल्दिबारी ४ को सम्पर्क कार्यालयमा पुगेर कांग्रेस उम्मेदवार होम चुडालसँगै उनले एमालेको लागि भोट मागेका थिए । सूचना प्रविधिको दुरुपयोग गरेर प्रसाईले कांग्रेसको बद्नाम गर्न खोजेको चुडालले दावी गरेका छन् । त्यसप्रति खेद व्यक्त गर्दै वडा नं ४ का वडाध्यक्षका उम्मेदवार चुडालले एक विज्ञप्ति जारी गरी भर्त्सना गरेका छन् ।

उनले भनेका छन् ,'नेकपा एमालेका केन्द्रीय सदस्य दुर्गा प्रसाईले आज मेरो चरित्र हत्या गर्ने उद्देश्यले भाइचाराको नाममा गरेको कार्य र मानसिक असन्तुलनताको उदाहरणको घोर भर्त्सना गर्दछु ।साथै यस्ता मानसिक असन्तुलन र जाली फटाहा चरित्रको ब्यक्तिसित सावधान रहन सबैमा अनुरोध गर्दछु ।' त्यस्तै बिर्तामोड ३ को सम्पर्क कार्यालयमा पनि उनले त्यस्तो काम गरेका थिए । सम्पर्क कार्यालयमा भोट केलाई सूर्यलाई भनेर उनले भोट मागेका थिए ।

त्यस्ता उच्छृंखल गतिविधिप्रति सचेत रहन भन्दै बिर्तामोड नगरपालिकाका मेयरका उम्मेदवार भोजराज सिटौलाले फेरि कांग्रेसको कार्यालयमा आउने दुष्प्रयास प्रसाईले गरे गलहत्याएर बाहिर निकाल्न कार्यकर्ताहरुलाई निर्देशन दिएका छन् ।

## आकाशमा ग्रहहरूको परेड

झापा, बैशाख १५ । आकाशमा हरेक दिन सूर्यको चमक र हरेक रात चन्द्रमाको उज्यालो त सबैले देखेकै हो तर, अचेल हरेक बिहान झिसमिसेमा आकाशका अन्य ग्रहको विशिष्ट दृश्य पनि देख्न पाइन्छ ।




अघि-पछि आकाशमण्डलमा मानिसको नजरबाट धेरै पर रहेका ग्रह अहिले सहजै देख्न पाइने विज्ञहरूले बताएका छन् । ग्रहहरू धर्तीमा झर्न उद्यत भएको यो अकल्पनीय दृश्य बारम्बार नआउने अवलोकनकर्ताहरूले बताए । उनीहरुका अनुसार पृथ्वीको परिक्रमा गर्ने ग्रहहरूमध्येका चार ग्रह र चन्द्रमा एकै लहरमा आकाशमा पौडी खेल्न लामबद्ध भएर बसेभैँ गरी बसेको हेर्न पाइन्छ । यो दृश्य जुनसुकै बेला हेर्न पाइने होइन । खुला आकाशमा खुला आँखाले नै यो दृश्यावलोकन गर्न सकिने बीपी कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान सङ्ग्रहालय विकास समितिले जानकारी दिएको छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गतको उक्त समितिले यस विषयमा अध्ययन अवलोकन गरेपछि आमसर्वसाधारणलाई हेर्न अपिल गरेको छ ।

प्रतिदिन PRATIDIN NATIONAL DAILY वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation bhadrapur road, birtamode 023-590580, 9852671580


सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल
भौचर - पोष्टर/पम्प्लेट
- पत्रपत्रिका
- स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर ( शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान



## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे :<br>९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## राशिफल



ज्योतिस पं. लक्ष्मी सुवेदी
लक्ष्मीपुर, झापा
चिना, टिप्पन, वास्तु तथा ग्रहदशा, ज्योतिस तथा परामर्श सेवाको लागि सम्झनुहोला ।
सम्पर्क:
९८१६९१७७८७/९८१७०८१९९०

**मेष** आज आयआर्जनका क्षेत्रमा सुधार आउनेछ । स्वास्थ्य प्रति सजग रहनु होला ।

**वृष** आज श्रमदान गर्ने अवसर मिल्नेछ । शुभकार्यको चर्चा चल्नेछ ।

**मिथुन** विशिष्ट व्यक्तिको भेटघाटले मन प्रसन्न हुनेछ । लगनशीलताले कामहरू अगाडि

**कर्कट** आज स्वास्थ्य सम्बन्धी चिन्ता बढ्नेछ । सौन्दर्यतामा धन खर्च हुनेछ ।

**सिंह** घरमा अतिथिको आगमन हुनेछ । बोलीको भरमा कार्य सम्पादन हुनेछ ।

**कन्या** आज रोकिएको अधुरो कार्यले पूर्णता पाउनेछ । शुभकार्यको चर्चा चल्नेछ ।

**तुला** आज शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**वृश्चिक** नसोचेको ठाउँबाट धन हात पर्नसक्छ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ ।

**धनु** आज आकस्मिक धनलाभ हुनेछ । महिला वर्गबाट सहयोग मिल्नेछ ।

**मकर** आज धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । कला र गलाको प्रभाव बढ्नेछ

**कुम्भ** आज न्यायिक कार्यमा सफलता मिल्नेछ । आँटेको र ताकेको कार्य पुरा होला ।

**मिन** आज गरेको कार्यमा अवरोध आउला । कतैकतै झैझमेलाको अवस्था आउला ।